STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १३ गते सोमबार ❑ 29 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री–प्रधानसेनापति भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माबीच आइतबार भेट भएको छ । मुख्यमन्त्री कार्यालयमै दिउँसो भएको भेटमा मुलुकको शान्ति सुरक्षा र समसामयिक विषयमा कुराकानी भएको छ।



मुख्यमन्त्री पोखरेलले मुलुकको हितमा नेपाली सेनाले निभाउँदै आएको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा समेत यसले निरन्तरता पाउने विश्वास व्यक्त गरे । कतिपय मुलुकमा सेनाको हस्तक्षेप र महत्वाकांक्षाका कारण राजनीति अस्थिरता र उथलपुथल भए पनि नेपालमा सुरुदेखि नै नेपाली सेनाले संयमित भएर परिवर्तनलाई स्वीकार्दै कर्तव्य निभएको भनाइ राखे । कोरोनाकाल, प्राकृतिक विपत्तीका बेला नेपाली सेना जहिल्यै पनि अग्रपंक्तिमा खटिएको भन्दै उनले सिमित स्रोत र साधनका बीच सेनाले नागरिकको सेवामा खटिएको उनले स्मरण गरे । प्रधानसेनापति शर्माले नेपाली सेना जहिल्यै राष्ट्रहितमा लागीपरेको भन्दै विकास इनिर्माणका साथै मुलुकलाई चाहिएको खण्डमा हरदम सेवामा तत्पर रहेको भनाइ राखे । गण्डकी प्रदेशबाट नेपाली सेनामा भर्ती हुनेको संख्या अधिक रहेको र आफ्ना पिता पुर्खासमेत कस्केली रहेको उनले मुख्यमन्त्रीसँगको भेटमा बताए । आफू जिम्मेवारीमा आएपछि सबै प्रदेशको वस्तुस्थिति बुझ्नका लागि भ्रमण थालेको उनले जानकारी गराए ।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अन्तिम चरणमा पुगेको अवस्थामा अब पुरानो विमानस्थलको प्रयोगका बारेमा सोच्ने बेला आएको उनले बताए । पर्यटकीय केन्द्र पोखरामा साहसिक पर्यटन र आकश्मिक अवतरणका लागि उक्त स्थल खाली नै राख्नुपर्ने भन्दै उनले त्यसमा कुनै खालका संरचना नबनाउनका लागि अनुरोध गरे । विपत्तिका बेला बच्नका लागि पनि सहरमा ठूलो स्थान चाहिने भएकाले अहिलेको विमानस्थलको जमीन बचाइराख्नुपर्ने उनको सुझाव थियो । आइतबार मनाङ हुँदै पोखरा आएका उनले प्रदेश प्रमुख पृथ्वीमान गुरुङसँग पनि भेट गरेका थिए । उनी सोमबार मुस्ताङ जाँदैछन् ।

उक्त अवसरमा गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थले प्रदेश सरकार र सुरक्षा निकायबबीचको सम्बन्धका बारेमा जानकारी गराए । भेटमा बिना विभागीय मन्त्री डोवाटे विक, प्रदेश सभा सदस्य प्रकाशचन्द्र दवाडी, नेपाली सेना पश्चिम कमान्ड प्रमुख उपरथि बाबुराम श्रेष्ठसहित सहभागी थिए ।

## कास्की कांग्रेसका सभापतिमा बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

नेपाली कांग्रेस कास्कीको सभापति पदमा किशोरदत्त बराल विजयी बन्नुभएको छ । शनिबार सम्पन्न दोस्रो चरणका मतदानमा उहाँले सुदीपमोहन भट्टराईलाई पराजित गर्नुभएको हो ।



शुक्रबारको पहिलो चरणको मतदानमा सभापतिका प्रत्यासी पाँच मध्ये कसैले पनि ५० प्रतिशत मत कटाउन नसकेपछि शनिबार पुनः नेताद्वय बराल र भट्टराईबीच पुनः मतदान भएको थियो । कांग्रेसको विधानअनुसार जिल्ला सभापति बन्न ५० प्रतिशतभन्दा बढी मत ल्याउनुपर्ने व्यवस्था छ ।

कांग्रेसको २०८८ मतदाता रहेकामा शनिबार एक हजार ९२६ मत खसेको थियो । ती मध्ये बराललले ९९५ र भट्टराईले ९१५ मत प्राप्त गर्नुभयो । पहिलो चरणका निर्वाचनमा दुई हजार २५ मत खसेको थियो भने ४७ मत भने बदर भएको थियो । उक्त चरणमा आइबहादुर गुरुङ, पोषनाथ शर्मा, गिरीराज गौतम पनि प्रत्यासी हुनुहुन्थ्यो ।

## गण्डकीको सभापतिमा पौडेलको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशन अन्तर्गत गण्डकी प्रदेशको सभापति पदमा रघुनाथ पौडेलले उम्मेदवारी दिने घोषणा गर्नुभएको छ ।

नेपाली कांग्रेस तनहुँको जिल्ला सभापति पदमा १५ वर्षसम्म जिम्मेवारी सम्हाल्नुभएका पौडेलले पोखरामा आज पत्रकार सम्मेलन गर्दै सङ्गठनलाई थप मजबुद बनाउनका लागि उम्मेदवारी दिन लागेको जानकारी दिनुभयो । गण्डकी प्रदेशका सबै जिल्लाका भूगोलसँग आँफू परिचित रहेको उल्लेख गर्दै उहाँले २०४६ साल, २०६२/६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा अन्य दल समेतलाई समेट्दै आन्दोलनको नेतृत्व गर्नुका साथै २०५९ देखि २०६७ सम्म सर्वदलीय संयन्त्रको नेतृत्व गरेको उल्लेख गर्नुभयो ।

प्रदेश सभापतिमा निर्वाचित भएसँगै महाधिवेशनबाट गठन हुने समितिलाई विधानसम्मत रुपमा परिचालन गर्ने, तदर्थवादमा चलेको पार्टी सङ्गठनलाई विधानसम्मत ढङ्गले चलाउने, पार्टीको विविध विभागको यथाशिघ्र गठन गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । भातृ सङ्गठनका पदाधिकारी एवं कार्यकर्तालाई पार्टीको इतिहास, नीति तथा सिद्धान्त र पार्टी सरकारमा हुँदा सम्पन्न गरेको कार्यको प्रचारप्रसार गर्न सक्ने बनाउने उहाँको भनाइ छ ।

आफ्ना कार्यकर्तालाई विपक्षी दलका कार्यकर्तासँग सैद्धान्तिक बहस गर्नसक्ने बनाउने, आफ्नो पार्टी सरकारमा हुँदा गरिएका राम्रा कामको तथ्याङ्क तयार पारी सार्वजनिक गर्नेसमेत पौडेलले बताउनुभयो ।

## कांग्रेसको निर्वाचन समिति संयोजकमा घिमिरे

**रासस**
**काठमाडौं, १२ मंसिर**

नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिको संयोजकमा वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे मनोनीत हुनुभएको छ ।

समितिको यसअघिका संयोजक वरिष्ठ अधिवक्ता महादेवप्रसाद यादवले आफ्नो स्वास्थ्यका कारण पदबाट राजिनामा दिएपछि घिमिरेलाई आज संयोजकमा मनोनीत गरिएको पार्टी कार्यालयका कार्यवाहक मुख्यसचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो । सभापति शेरबहादुर देउवाले संयोजक यादवले पदबाट दिनुभएको राजिनामा पार्टीको विधानबमोजिम आजै स्वीकृत गर्नुभएको थियो । वरिष्ठ अधिवक्ता घिमिरे यसअघि समितिको वरिष्ठ सदस्य हुनुहुन्थ्यो । कांग्रेसले १४औं महाधिवेशनअन्तर्गत गत भदौ १८ गतेदेखि वडा अधिवेशन प्रारम्भ गरेको हो । त्यसयता अधिकांश जिल्लामा पालिका, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र र जिल्ला अधिवेशन सम्पन्न गरिसकेको छ । कांग्रेसको १४ औं महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौंमा हुँदैछ ।

## बाढी तथा पहिरो प्रभावितलाई गण्डकी प्रदेश सरकारको सहयोग

**पोखरापत्र संवाददाता**
**मनाङ, १२ मंसिर**

मनाङका बाढी तथा पहिरो प्रभावितहरुलाई गण्डकी प्रदेश सरकारले बिषेश सहयोग हस्तान्तरण गरेको छ ।

आइतबार नासो गाउँपालिकामा एक समारोहका बिच गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन सहितको टोलीले बाढी तथा पहिरो पूर्ण प्रभावित ७४ घर परिवारलाई बिषेश राहत एंव सहयोग हस्तान्तरण गर्नु भएको हो । नासो, चाँमे लगायतका गाउँपालिकाका प्रभावितहरुलाई प्रदेश सरकारले उपलब्ध गराएको बिषेश सहयोग २ लाख रुपैया बराबरको चेक मन्त्री बराल सहितको टोलीले सहयोग हस्तान्तरण गरेको हो ।



यस अघि प्रभावित क्षेत्रमा केही समय अघि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, अर्थ मन्त्री बराल सहितको टोलीले अवलोकन गर्दै उक्त रकम सहयोग गर्ने घोषणा गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै अर्थ मन्त्री बराललले हाल प्रदेश सरकारले पूर्ण घर क्षेति भएकाहरुलाई राहत स्वरुप उक्त रकम उपलब्ध गराएको बताउदै आंसिक क्षेती भएको एकित तथ्याङक संकलन गर्न समेत आग्रह गर्नु भएको छ। प्रदेश सरकारले ढिलै भए पनि उक्त रकम उपलब्ध गराएको सो रकमलाई उचित ढंगले प्रयोग गर्न मन्त्री बराललले प्रभावितहरुलाई आग्रह समेत गर्नु भएको छ। मनाङ क्षेत्र यस बर्षको बाढी तथा पहिरोले निकै प्रभावित भएकोले तत्काल गर्नूपर्ने आधारभूत आवश्यकता पूरा गर्न प्रदेश सरकारको ध्यान केन्द्रित भएको उहाँको भनाई थियो । प्रदेशका सम्बन्धित निकायहरु मनाङ क्षेत्रको विकास निर्माणमा जागरुक हुन र स्थानियलाई समेत सचेत हुन मन्त्री बराललले आग्रह गर्नु भएको छ । नासो गाउँपाालिकाका अध्यक्ष चन्द्र घलेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेश सांसद चिन्ता बहादुर घले, मनाङका प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्य, गण्डकी प्रदेश अर्थ मन्त्रालयका अर्थ सचिव बैकुण्ठ अर्याल, उपसचिव वशन्तराज तिवारी, मन्त्रीका निजी सचिव कृष्णप्रसाद पौडेल, नासो गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत वासुदेव भेटवाल, स्वास्थ्य शाखा प्रमुख तुल्सीराम गुरुङ लगायतको सहभागिता रहेको थियो । स्मरणरहोस असार एक गते आएको बाढी तथा पहिरोले गर्दा मनाङ क्षेत्रमा ठुलो क्षती पुगेको थियो ।

स्थानिय सरकारको कार्यालय राख्य ठाँउ अभाव, बिद्युत तहस नहसको अबस्था रहेको नासो गाउँपालिकाका अध्यक्ष घलेले गुनासो गर्नू भयो । आन्तरिक श्रोतको अभावमा केही गर्न नसकेको बताउदै उहाँले केही छुटपुट भएकोले पुनः सहयोग उपलब्ध गराउन प्रदेश सरकार समक्ष आग्रह गर्नु भयो । यस क्षेत्रको महत्वपूर्ण बिद्यालय प्रकाश ज्योति र भानु मावि (तालमा रहेको) नदीको जोखिममा भएको घलेले गुनासो गर्नु भयो ।

## कांग्रेस तनहुँको सभापतिमा आले निर्वाचित

**पोखरापत्र संवाददाता**
**दमौली, १२ मंसिर**

नेपाली कांग्रेस तनहुँको सभापतिमा जितप्रकाश आले निर्वाचित हुनुभएको छ ।

आइतबार सम्पन्न भएको मतपरिणामअनुसार आले १६८ बढी मत प्राप्त गरी कांग्रेसको जिल्ला सभापतिमा निर्वाचित हुनुभएको हो ।



सभापतिमा निर्वाचित आलेले ९५१ मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी वैकुण्ठ न्यौपानेले ७८३ मत प्राप्त गर्नुभएको निर्वाचन समितिले जनाएको छ । पदाधिकारीमा एक सहसचिव .बाहेक सबै पदाधिकारी आले प्यानलबाट निर्वाचित हुनुभएको छ । उपसभापतिमा राजेन्द्रकृष्ण श्रेष्ठ र देवकुमार श्रेष्ठ विजयी हुनुभएको छ । उहाँहरुले क्रमशः ९०७ र ८७६ मत प्राप्त गर्नुभएको छ । सचिवमा लक्ष्मीभक्त खनाल र सहदेव अधिकारी विजयी हुनुभएको छ । उहाँहरुले क्रमश : १०२० र ८१२ मत प्राप्त गर्नुभएको छ। प्रतिस्पर्धी मोहन गिरीले ८०७ र केशबहादुर सुनारले ७२७ मत प्राप्त गर्नुभएको छ। सहसचिवमा मिलन आले र परमेश्वर भट्टराई विजयी हुनुभएको छ। उहाँहरुले क्रमशः ९२० र ८५९ मत प्राप्त गर्नुभएको छ । प्रतिस्पर्धी धिरेश खनालले ७७४ र हुतमणि अधिकारीले ७७६ मत प्राप्त गर्नुभएको छ ।

कूल एक हजार ८१७ मतदातामध्ये शनिबार सम्पन्न मतदानमा एक हजार ७८३ मत खसेको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नाडाको अध्यक्षका प्रत्यासी ध्रुव थापा समूहको पोखरामा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**बागलुङ, १२ मंसिर**

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको आगामी मंसिर २३ र २४ गते हुन गइरहेको ४५ औं साधारण सभा तथा अधिबेशनमा स्थापित अटो ब्यवसायी ध्रुब थापाले नाडाको अध्यक्षमा उमेद्वारी दिने भएका छन ।



नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको आगामी अध्यक्षका प्रत्यासी ध्रुव थापा समूहको उमेद्वारहरुको पोखरामा अन्तरक्रिया तथा छलफल कार्यक्रम समेत सम्पन्न भएको छ ।

अब बनाउनु छ नाडा, सबै अटोमोवाइल व्यवसायीको साझा' भन्ने मूल नाराका साथ हुन गइरहेको नाडाको आगामी निर्वाचनमा थापा अध्यक्ष पदको उम्मेदवार भएका हुन । उनी हिमालय अर्गनाइजेशनका अध्यक्ष हुन। ४६ बर्षको नाडाको इतिहासमा पहिलोपटक महिला उमेद्वार सहितको प्यानल ध्रुव थापा समूहले सार्वजनिक गर्दै भोट अपिल गरेका छन । कर्पोरेट अटो ब्यबसायी देखी साना ब्यबसायीलाई समेत समेटेर ध्रुव थापा समूहले प्यानल ल्याएकोले यो समुहले चुनाब जित्ने देखिन्छ।

नाडाको वर्तमान कार्यसमिति सदस्य तथा हाल ध्रुब थापाको टिमबाट उमेद्वारी दिएका अटोमोबाइल ब्यवसायी कपिल शिवाकोटीले सञ्चालन गरेको कार्यक्रमलाई सम्वोधन गर्दै अध्यक्षका प्रत्यासी थापाले नाडामा हाल देखिएका समस्या र त्यसका समाधानका उपायहरु र टिमको प्रतिबद्धताहरु प्रस्तुत गर्दै भोट अपिल गरेका थिए ।

आफ्नो टिम समाबेशी रहेको जानकारी दिँदै थापाले साना ब्यवसायीदेखि ठूला ब्यवसायी सबैको साथ आफूसँग रहेकोले चुनाबमा सफलता हासिल गर्ने उच्च अपेक्षा राखेको बताए ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका कानुन तथा संचारमन्त्री बिन्दु कुमार थापा, अटो ब्यबसायी, माधब पौडेल, वाडा पोखराका अध्यक्ष मोहनबाबु खड्का, लगायतले ध्रुव थापा समूहको प्यानललाई बिजयको सुभकामना दिदैं पोखरा क्षेत्रको प्राय सबैको भोट थापा प्यानलकै पक्षमा आउने बताए ।

कार्यक्रममा थापा प्यानेलका आकाश गोल्छा, अमरज्योती रञ्जित, बिएन पाठक, दिपेन्द्र कुमार मिश्र, कपिल सिवाकोटी, नारायणप्रसाद पौडेल, नवराज भुसाल, प्रदिपमान प्रधान, प्रकाश सिग्देल, रिद्धी कार्की, सगुन बिरसिहं कंसाकार, सञ्जयकुमार खेतान, शुभआसिष थपलिया, यमुना श्रेष्ठ लगायतका उमेद्वारको सहभागिता थियो ।

# माओवादी पालिका अधिवेशन अन्तर्गत मादीमा सर्वसम्मत नेतृत्व

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले शनिबार कास्कीका पाँचवटै स्थानीय तहमा पार्टीको अधिवेशन सम्पन्न गरे पनि अधिकांश पालिकामा नेतृत्व चयन गर्न सकेन ।

पोखरा महानगरपालिका र मादी, रुपा, अन्नपूर्ण र माछापुच्छे गाउँपालिकामा अधिवशेन गरिए पनि मादीमा बाहेक अन्य पालिकामा नेतृत्वका आकाङ्क्षीका बीचमा सहमति नजुट्दा नेतृत्व चयन हुन नसकेको हो ।

मादी गाउँपालिकाको दोस्रो अधिवेशनबाट तोरण गुरुङको अध्यक्षतामा सर्वसम्मत पालिका कमिटी चयन गरिएको माओवादी केन्द्रले जनाएको छ । कमिटीको उपाध्यक्षहरूमा नन्दश्री गुरुङ, रुद्र रानाभाट र एड्गेल्स कार्की रहनुभएको छ । सचिवमा बेलबहादुर विश्वकर्मा, सहसचिव सन्तोष अधिकारी र कोषाध्यक्ष कल्याणी अधिकारी रहनुभएको ५० सदस्सीय कमिटी निर्वाचित गरिएको जिल्ला सचिवालय सदस्य लालबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार कमिटीका पाँच सदस्य पछि थप गरिनेछ । माछापुच्छे, रुपा र अन्नपूर्ण गाउँपालिकामा पालिका कमिटीमा रहनेको नाम टुङ्गो लागे पनि पदाधिकारीमा सहमति बन्न सकेको छैन। पोखरा महानगर कमिटीको अधिवेशन पार्टीका विदेश विभाग प्रमुख नारायणकाजी श्रेष्ठले शुभारम्भ गर्नुभएको थियो ।बाँकी रहेका अन्य चार पालिकामा पनि एक/दुई दिनमा नयाँ नेतृत्व चयन गरिने पार्टीका जिल्ला संयोजक बखानसिंह गुरुङले जानकारी दिनुभयो । चार पालिकामा माओवादीको नेतृत्व लिने आकाङ्क्षीका बीचमा राति अबेरसम्म पनि सहमति नबनेपछि थप छलफलका लागि समय अपुग भएको जनाउँदै माओवादीले शनिबार अधिवेशन स्थगन गरेको थियो । पार्टीका जिल्ला संयोजक गुरुङका अनुसार सकभर सर्वसम्मत नेतृत्व चयन गरिने र सम्भव नभए स्वस्थ निर्वाचन प्रक्रियाका माध्यमबाट नेतृत्व टुङ्गो लगाउने योजना बनाएको छ । माओवादी केन्द्रले पहिलोपटक देशभर एकैदिन पालिका अधिवेशन गरेको हो । राष्ट्रिय सम्मेलनको तयारीमा रहेको माओवादीले यसअघि वडा अधिवेशन सम्पन्न गरिसकेको छ ।

# अनुसन्धानले नयाँ तथ्य पत्ता लगाउँछ

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ मंसिर**

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखराको एक कार्यक्रममा साहित्यको अनुसन्धान विधि र प्रक्रियाका बारेमा गोष्ठी आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा सहित्यको अनुसन्धान गर्ने विधि सिजिलो तरिकाबाट प्रस्तुत गरिएको थियो । डा.सवीन्द्रराज भण्डारी र डा भूमिराज बस्ताकोटीले शोधक्षेत्रको पहिचान भएपछि त्यसलाई सैद्धान्तिक रुपमा कसरी निरुपण गर्न सकिन्छ भनेर उदाहरणसहित शोधविधिका नियम प्रस्तुत गरेका थिए । अनुसन्धाताले सर्वप्रथम शोधक्षेत्र चयन गर्नुपर्छ । त्यसपछि समस्याको पहिचान भएपछि अनुसन्धानको बाटो भेटिन्छ। शीर्षक चयन गर्दा सकेसम्म सीमाङ्कन गर्नुपर्छ । समस्याको स्पष्ट झलक शीर्षकमै आएको हुनुपर्छ । शोधशीर्षक साधारण, सरल र मुख्य पाठको विषयको भार बोक्न सक्ने हुनुपर्छ। शोधको भाषा छ वर्षको बच्चाले पनि सजिलै बुझ्न सकिने हुनुपर्छ। शोधको सारमा अध्ययनको उद्देश्य, पृष्ठभूमि, सैद्धान्तिक विधि, निचोड र योगदानका बारेमा एकएक वाक्यमा खुलाउनु पर्छ ।

शोधलाई तर्किक ढाँचामा प्रस्तुत गर्नका लागि प्रतिज्ञा, हेतु, उदाहरण, उपनय, निगमन जस्ता पाँच ओटा तार्किक प्रवर्गहरुको उपयोग गर्नुपर्छ र अन्त्यमा अनुसन्धान सिद्धान्तलाई उदाहरणबाट पुष्टि गरेपछि नयाँ तथ्य पत्ता लगाएपछि अनुसन्धान प्रक्रिया पूरा हुन्छ भन्ने विचार डा.द्वयले प्रस्तुत गरेका थिए।

कार्यक्रममा विशेषज्ञको तर्फबाट मन्तव्य राख्दै प्रा.डा. विष्णुप्रसाद पौडेलले शोधकर्ता सैद्धान्तिक ज्ञानबाट भन्दा रुचि, अभ्यास, लगन र अथक प्रयासबाट परिपक्व बन्न सक्छ भन्ने विचार प्रस्तुत गरे । उनले अनुसन्धानहरु निक्खर नभई प्रचार मुखी बन्दै गएका, अनुसन्धेय विषयहरुमा पुनरुक्तिको जोखिम रहेको र ताजकीकरण बिनाको अनुसन्धान दन्तबझान मात्र हुने हुनाले शोधार्थी झनै सजग बन्न आवश्यक रहेको पौडेलको भनाइ रहेको थियो । संस्थाका अध्यक्ष योगराज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संयोजन आरुणि आचार्यले गरेका थिए ।

# '१७ थरि शिक्षकका ३७ थरि माग सम्बोधन हुने'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १२ मंसिर**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सार्वजनिक शिक्षाको सुधार र निजी शिक्षाको नियमन आवश्यक भएको बताउनुभएको छ ।



प्रेस सेन्टर बागलुङद्वारा आइतबार आयोजित पत्रकार भेटघाटमा उहाँले सार्वजनिक शिक्षा सुधारका लागि ३१ बुँदे शिक्षा सुधार योजना अघि सारेको जानकारी दिनुभयो । "हाम्रो जोड सार्वजनिक शिक्षालाई सुधार गर्ने निजीलाई सर्वसुलभ बनाउने भन्नेमा छ, १७ थरि शिक्षकका ३७ थरि माग सम्बोधनका लागि समिति गठन गरिएको छ", उहाँले भन्नुभयो, "शिक्षा क्षेत्रमा आमूल सुधार गर्दै अघि बढ्नुपर्दछ, अबको समय प्राविधिको युग हो, प्रविधिको उच्चतम प्रयोग गर्दै महामारीमा समेत शैक्षिक सत्र खेर नजाने गरी पठनपाठन गर्ने सरकारको योजना रहेको छ ।" उहाँले दलहरू आन्तरिक निर्वाचनमा केन्द्रित भइसकेकाले मुलुक निर्वाचनमा जान लागेको बताउँदै सरकारको व्ययभार कम गर्न तिनै तहको निर्वाचन एकैपटक गर्नुपर्ने आफ्नो तर्क रहेको बताउनुभयो। राजनीतिक दलहरू आगामी स्थानीय, प्रदेश र सङ्घको निर्वाचनको तयारीमा केन्द्रित भएको उहाँको भनाइ छ।

स्थायी कमिटी सदस्यसमेत रहनुभएका मन्त्री पौडेलले शिक्षकका लागि शिक्षक अस्पताल निर्माणका लागि प्रक्रिया अगाडि बढेको, त्रिचन्द्र क्याम्पस सुधार गर्न थालेको, दरबन्दी मिलान भइरहेको र पढ्दै कमाउँदै अभियानलाई अगाडि बढाएको जानकारी दिनुभयो । उहाँले सञ्चारकर्मीका जिज्ञासामा बालविकास सहजकर्ताहरूलाई केही पालिकाले सरकारले तोकेको तलब नदिएको गुनासोमा पालिकाले अनिवार्य दिनुपर्ने बताउनुभयो ।

# थप १५८ जनामा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, १२ मंसिर**

पछिल्लो २४ घण्टामा थप १५८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सो अवधिमा ६ हजार ६०४ जनाको पीसीआर परीक्षण गर्दा १५४ तथा दुई हजार ३१४ जनाको एन्टिजेन परीक्षण गर्दा चार जनामा कोरोना सङ्क्रमण देखिएको हो ।

योसँगै नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या नौ लाख १६ हजार ३५० पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ३४२ जना निको भएर घर फर्किएसँगै हालसम्म आठ लाख दुई हजार ३८९ जना सङ्क्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ६ हजार ९६६ छ । जसमध्ये ६ हजार ५८९ जना होम आइसोलेशनमा र ३७७ जना संस्थागत आइसोलेशनमा छन् । कोरोनाका बिरामीमध्ये १७१ जना आइसीयूमा र ३३ जना भेन्टिलेटरमा उपचाररत छन् ।

१० वर्ष मुनिका तीन बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। उघारदेखि २० वर्ष उमेर समूहका १३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट दुई जनाको मृत्यु भएसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५२३ पुगेको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचन कार्य तालिका स्वीकृत

**रासस**
**काठमाडौं, १२ मंसिर**

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको आगामी निर्वाचनका लागि निर्वाचन कार्य तालिका स्वीकृत गरेको छ।

आयोगको यही मङ्सिर ७ गतेको बैठकले निर्वाचन तयारी गर्न आन्तरिक प्रयोजनका लागि कार्य तालिका स्वीकृत गरेको प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो । सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ १७ गतेका लागि घोषणा गरिसकेको छ। निर्वाचनलाई अघि बढाउने सन्दर्भमा आयोगले आवश्यक निर्देशिका र कार्यविधिको कामसमेत अघि बढाएको छ । केही समयपछि आयोगले निर्वाचन कार्यक्रमसमेत प्रकाशित गर्नेछ । उन्नानसाठी सदस्यीय राष्ट्रियसभाका एक तिहाई सदस्यको कार्यकाल आगामी फागुन २० गते समाप्त हुँदैछ। कार्यकाल समाप्त हुनेमा अगमप्रसाद वान्तवा राई, उदया शर्मा पौडेल, कविता बोगटी, कोमल वली, खीमबहादुर विक, चक्रप्रसाद स्नेही, चन्द्रबहादुर खड्का, जीवन बुढा, ठगेन्द्रप्रकाश पुरी, तारादेवी भट्ट, दीनानाथ शर्मा, नैनकला ओझा, परशुराम मेघी गुरुङ, राधेश्याम अधिकारी, रामलखन चमार, शशीकला दाहाल, शान्तीकुमारी अधिकारी, शेरबहादुर कुँवर र सुमनराज प्याकुरेल हुनुहुन्छ । सरकारको सिफारिसबाट विज्ञका रुपमा मनोनित सदस्य रामनारायण विडारीको पनि चार बर्षे कार्यकाल फागुन २० गते नै पूरा हुँदैछ। राष्ट्रियसभा सदस्यको कार्यकाल छ वर्ष भए पनि २०७४ सालमा पहिलो पटक गोला प्रथाद्वारा दुई, चार र छ वर्षका लागि कार्यकाल निर्धारण गरिएको थियो।

आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि रु पाँच करोड ८४ लाखको प्रारम्भिक खर्च अनुमान गरी निकासाका लागि अर्थ मन्त्रालयलाई पत्राचार गरिसकेको छ । राष्ट्रियसभा सदस्य निर्वाचनको मतदाताका रुपमा मुलुकका ७५३ पालिकाका प्रमुख र उपप्रमुख तथा प्रदेशसभा सदस्य रहनुभएको छ । राष्ट्रियसभा चुनावमा पालिका प्रमुख र उपप्रमुखको मतभार १८ तथा प्रदेशसभा सदस्यको मतभार ४८ कायम हुनेछ।

# सर्लाहीमा एकै परिवारका तीन जना मृत भेटिए

**रासस**
**काठमाडौं, १२ मंसिर**

सर्लाहीको बरहथवा नगरपालिका-१ हजरियामा एकै परिवारका तीन जना मृत भेटिएका छन्। मृत भेटिनेमा आमा र उनका दुई छोराछोरी छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्ण प्रसाईंका अनुसार कविता हजारी घरभित्रै झुण्डिएको अवस्थामा तथा उनकी ६ वर्षीया छोरी र चार वर्षीय छोरा भुइँमा लडेको अवस्थामा भेटिएका हुन्। घटनाबारे अनुसन्धान भइरहेको छ। तीनै जनाको शव परीक्षणका लागि जिल्ला अस्पताल मलङ्गवा ल्याइएको छ।

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# नयाँ भेरियन्टबारे सावधानी अपनाऔं

कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन देखिएपछि तङ्गिन खोजेको अर्थतन्त्र फेरि थला पर्ने भएको छाकोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन संक्रमित भएकाहरु दक्षिण अफ्रिकी मुलुकसँगै युरोपका केही देशमा फेला परेका छन । विश्व स्वास्थ्य संगठनले नयाँ भेरियन्टओमिक्रोन चाँडै फैलिने र खोपले काम नगर्ने हुँदा जोगिन सचेत गराएको छानयाँ भेरियन्ट विश्वका विभिन्न मुलुकमा भेटिन थालेपछि नेपालले अफ्रिकी नागरिकलाई अर्को व्यवस्था नभएसम्म प्रवेश गर्न नदिने भएको छ ।

कोभिड -१९ ले दुईवटा वर्ष थला परेको नेपाल जस्ता स्वास्थ्य पुर्वाधार नभएका मुलुकलाई झन थला पार्नेछ । पहिले सावधानी नअपनाउने पछि सबैभन्दा बन्द गर्ने प्रवृत्ति फेरि देखिएको छ । गृह मन्त्रालयले अध्यागमन विभाग, त्रिभुवन विमानस्थल कार्यालय र सीमा क्षेत्रका प्रशासन कार्यालयलाई अफ्रिकी देशका नागरिकहरुलाई प्रवेश गर्न नदिने व्यवस्था मिलाउने आइतबार निर्देशन दिएको छ । गृह प्रवक्ता फणीन्द्रमणि पोखरेलाका अनुसार आइतबार मन्त्रालयले निर्देशन दिंदै कूटनीतिक, अफिसियल र आपतकालीन कामबाहेक सबै अफ्रिकी देशका नागरिकलाई अर्को व्यवस्था नभएसम्मका लागि नेपाल प्रवेशमा रोक लगाइएको छ ।

गृह मन्त्रालयको निर्णय कार्यान्वयनका लागि अध्यागमन विभागले समेत आफू मातहतका अध्यागमन कार्यालयहरुलाई परिपत्र गरिसकेको छ । यस्तै अफ्रिकी देश हुँदै यात्रा गरेका अन्य देशका नागरिकलाई समेत कोरोना परीक्षणको रिपोर्ट र औचित्यको आधारमा मात्रै आवश्यक निर्णय लिन निर्देशन दिइएको छ । कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोनबाट संक्रमित भएकाहरु दक्षिण अफ्रिकी मुलुकसँगै युरोप र विश्वका अन्य केही देशमा पनि भेटिन थालेसँगै विभिन्न मुलुकहरुले नियन्त्रण तथा रोकथामका लागि कडा निर्णयहरु लिन थालेका छन् । इजरायलले १४ दिनका लागि विदेशीहरुलाई आफ्नो देशमा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ भने यूरोपका अधिकांश देशले अफ्रिकी मुलुकबाट हुने हवाईयात्रा माथि प्रतिबन्ध लगाएको छ ।

विज्ञहरूले नै, कोभिडको नयाँ भेरिएन्ट 'खतरनाक' हुन सक्ने चिन्ता व्यक्त गरिसकेकाले हामी बेलैमा सचेत हुनैपर्छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललगायत मुख्य नाकामा स्वास्थ्य जाँचको राम्रो व्यवस्था गर्नुपर्छ । यो भेरिएन्ट देखा परेका देशबाट आउने जो कोहीमाथि स्वास्थ्य निगरानी गर्ने र राम्रो चेकजाँचको व्यवस्था मिलाउनै पर्छ । सानो लापरवाहीले कुनै पनि बेला स्वास्थ्य विपत्ति आइलाग्ने र सिंगो देश नै संकटमा पर्न सक्नेतर्फ सरकार र सरोकारवालाहरूको ध्यान जान जरुरी छ ।

हाम्रो स्वास्थ्यको अवस्था कस्तो छ भने, विगतमा कोरोना संक्रमण फैलिएका बेला अक्सिजन र बेडको समेत अभाव भोग्नुप-यो। पहिलो लकडाउनदेखि कोभिड व्यवस्थापनसम्बन्धी निर्माण गरिएका अस्पतालहरूको अवस्था के छ ? स्वास्थ्यकर्मीको व्यवस्थापन के कस्तो छ ? अक्सिजन प्लान्ट के कसरी सञ्चालन भइरहेका छन् ? विगतमा के कस्ता कमजोरी भए र त्यसबाट के सिक्यौं ? फेरि विपत्तमा पर्‍यौं भने हाम्रो स्वास्थ्य उपचारको व्यवस्था के कसरी गर्ने भन्नेमा सरकार र स्वास्थ्य संघसंस्थाहरूले बेलैमा समीक्षा र पूर्वतयारी थाल्नैपर्छ । घरमा आगो लागिसकेपछि कुवा खनेर न घर जोगाउन सकिन्छ, न त दुर्घटना नै टार्न सकिन्छ । बरु बेलैमा नयाँ भेरिएन्टबाट कसरी जोगिने र आपत् आइहाल्यो भने कसरी जुध्ने भनेर सरकारले नीति र कार्यक्रम बनाउनैपर्छ। जनतालाई आह्वान गर्नुपर्छ । सचेतनाका कार्यक्रम र स्वास्थ्य सुरक्षाका मापदण्ड कार्यान्वयनमा लैजानुपर्छ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : मानसिक तनाव | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शत्रुको भय | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# बागलुङका सात पालिकामा नयाँ नेतृत्व

पोखरापत्र संवाददाता

बलेवा, १२ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को पालिका अधिवेशनअन्तर्गत बागलुङका सात वटा स्थानीय तहमा सर्वसम्मत नेतृत्व चयन गरेको छ।

शनिबारदेखि सुरु भएको पालिका अधिवेशनबाट जिल्लाका सात वटा स्थानीय तहमा सर्वसम्मत नेतृत्व चयन भएको हो ।

बागलुङ नगरपालिकामा इन्द्र केसी (पारस)को अध्यक्षतामा नगरकमिटी गठन भएको हो । कमिटीको सचिवमा राजु खड्का चयन हुनुभएको छ। जैमिनी नगरकमिटीको अध्यक्षमा झमन पाण्डे र सचिवमा शोभाप्रसाद शर्मा, ढोरपाटन नगरकमिटीको अध्यक्षमा भीम गौतम र सचिवमा वीरबहादुर घर्ती चयन भएको माओवादी केन्द्र जिल्ला समन्वय समितिका संयोजक ज्ञाननाथ गैरेले बताउनुभयो । निसीखोला गाउँकमिटीको अध्यक्षमा कुवीर विक र सचिवमा कुशल बुढा, ताराखोला गाउँकमिटीको अध्यक्षमा दिवस खत्री र सचिवमा फूलमायाँ पुन, काठेखोला गाउँकमिटीको अध्यक्षमा कृष्ण थापा र बडीगाड गाउँकमिटीको अध्यक्षमा मिलन रेश्मी र सचिवमा वीरेन्द्र बुढा चयन हुनुभएको छ । शनिबार नै अधिवेशन उद्घाटन भएको गलकोट र तमाखोलामा आज मात्रै बन्दसत्र सुरु हुनेछ । बरेङ गाउँकमिटीले भने मङ्सिर १८ गतेका लागि भेला बोलाएको छ । "पार्टीको विधानअनुसार समावेशी कमिटी बनेका छन्", गैरेले भन्नुभयो, "दलित, जनजाति, महिला र युवाको उत्साहजनक सहभागिता रहेको छ ।" यो पटक माओवादीले दलित १५ प्रतिशत, महिला ३५ प्रतिशत र युवासमेत अनिवार्य सहभागी रहनेगरी कार्यसमितिको कोटा तोकेको जिल्ला इन्चार्ज बलावती शर्माले जानकारी दिनुभयो ।

# तनहुँका पालिकामा नयाँ नेतृत्व

पोखरापत्र संवाददाता

दमौली, १२ मंसिर

नेकपा (माओवादी केन्द्र)ले तनहुँका सबै पालिकामा एकैसाथ अधिवेशन गरेको छ । जिल्लाका दशवटै पालिकामा माओवादी केन्द्रले एकसाथ अधिवेशन गरी नयाँ नेतृत्व चयन गरेको हो । अधिवेशन सम्पन्न भएर केही पालिकामा नेतृत्व चयन भइसकेको छ भने केही पालिकामा सहमतिको प्रयास भइरहेको जनाइएको छ ।

भिमाद नगर कमिटीको अध्यक्षमा अमृत सिग्देल चयन हुनुभएको छ । अधिवेशनबाट कमिटीको उपाध्यक्षमा पदमराज सुवेदी, तुलसीप्रसाद सिग्देल, ओमदत्त थापा, सचिवमा दशरथ गैह्रे, सहसचिवमा बोधराज सिग्देल र कोषाध्यक्षमा तमराया थाप चयन हुनुभएको छ ।

ऋषिङ गाउँ कमिटीको अधिवेशनबाट वीरबहादुर थापाको अध्यक्षतामा ५५ सदस्यीय कमिटी र सात सदस्यीय सल्लाहकार कमिटी गठन गरेको माओवादी केन्द्र गण्डकी प्रदेश कमिटी सदस्य मदन आलेले जानकारी दिनुभयो । गाउँकमिटीको उपाध्यक्षमा मधुप्रसाद थापा, शर्मिला अलो, बसन्त सदाशङ्कर, सचिवमा डम्बरबहादुर विक, सहसचिवमा कुशबहादुर थापा र कोषाध्यक्षमा गोपाल रानाभाट चयन हुनुभएको हो । म्याग्दे गाउँकमिटीको अधिवेशनबाट दिलबहादुर नेपालीको अध्यक्षतामा नयाँ नेतृत्व चयन भएको छ। जसको उपाध्यक्षमा होमबहादुर आले, जमुना अधिकारी, डण्डमान श्रेष्ठ, सचिवमा बालकृष्ण श्रेष्ठ, सहसचिवमा सोमबहादुर सदाशङ्कर र कोषाध्यक्षमा शुकराम नेपाली चयन हुनुभएको छ । घिरिङ कमिटीको अध्यक्षमा चुननारायण श्रेष्ठ, उपाध्यक्षमा गोविन्दराज काफ्ले, विनु विक, मधु नेपाली, सचिवमा हरिहर अधिकारी, सहसचिवमा ओमबहादुर नेपाली र सहसचिवमा रामजी अर्याल चयन हुनुभएको छ । शुक्लागण्डकी नगरकमिटीको अधिवेशनले पदाधिकारीबाहेक सदस्य चयन गरेको छ । पदाधिकारीपछि तोक्नेगरी ६५ जनाको कार्यसमिति सर्वसम्मत चयन गरेको माओवादी शुक्लागण्डकी नगर कमिटीका नेता मनराज गुरुङले जानकारी दिनुभयो ।

माओवादी केन्द्रले यसअघि टोल, सेल कमिटीका भेला हुँदै वडा तहका अधिवेशन सम्पन्न गरिसकेको छ । लामो समयपछि आन्तरिक प्रतिस्पर्धालाई आत्मसात गरेको सो पार्टीका सम्मेलन तथा अधिवेशनले नेता, कार्यकर्तामा उत्साह जगाएको छ । वडा, स्थानीय तह, प्रदेश हुँदै राष्ट्रिय सम्मेलनको तयारीमा माओवादी केन्द्र जुटेको छ । प्रदेश तहको अधिवेशन यही मङ्सिर २५ गतेलाई तोकिएको छ । आउँदो पुस ११ देखि १३ गतेसम्म काठमाडौंमा राष्ट्रिय सम्मेलन हुँदैछ ।

# पाँच पालिकामा नेतृत्व चयन

पोखरापत्र संवाददाता

म्याग्दी, १२ मंसिर

नेकपा (माओवादी केन्द्र) को म्याग्दीको पाँच वटा स्थानीय तहमा शनिबार नेतृत्व चयन भएको छ । बेनी नगरपालिका, मङ्गला, रघुगङ्गा, मालिका र धवलागिरि गाउँपालिकामा शनिबार भएको प्रथम अधिवेशनबाट निर्विरोध नेतृत्व चयन भएको हो ।

शेरबहादुर केसीको अध्यक्षतामा गठन भएको बेनी नगर कमिटीको उपाध्यक्षमा अणबहादुर खड्का (भगवान), खिमबहादुर पुन, अम्बिका ढुङ्गाना, सचिवमा ज्ञानेन्द्र सुवेदी, कोषाध्यक्षमा पदम किसान र सहसचिवमा किसान विक रहनुभएको छ । यामबहादुर रोकाको अध्यक्षतामा गठन भएको मङ्गला गाउँपालिका कमिटीको उपाध्यक्षमा कुलप्रसाद पुन, मोहनलाल सापकोटा, सुकमाया रोका, सचिवमा तीर्थलाल विक, सहसचिवमा मनमाया चोचाङ्गे र कोषाध्यक्षमा मोतीलाल पौडेल चयन हुनुभएको छ। दोरण शेरचनको अध्यक्षतामा चयन भएको मालिका गाउँपालिकाको उपाध्यक्षमा दुर्गा फगामी, गौरी सेञ्चुरी, बुद्धिबहादुर जुग्जाली, सचिवमा धनकुमार पाइजा, सहसचिवमा शिव दर्जी र कोषाध्यक्षमा खड्ग छन्त्याल रहनुभएको छ।

यामन रोकाको अध्यक्षतामा गठन भएको धवलागिरि गाउँपालिका कमिटीको उपाध्यक्षमा झकबहादुर छन्त्याल, रिमप्रसाद थापा र होममाया विक, सचिवमा रेशम पुन, सहसचिवमा चक्र पुन र कोषाध्यक्षमा रामबहादुर खत्री चयन हुनुभएको छ ।

मौवाफाँटमा भएको रघुगङ्गा गाउँपालिकाको अधिवेशनले हरि भण्डारीको अध्यक्षतामा गठन भएको कमिटीको उपाध्यक्षमा टेककुमारी खत्री, इन्द्रबहादुर मगर, सुनिल सुनार, सचिवमा भविन्द्र शेरपुञ्जा, सहसचिवमा कर्ण राना निर्वाचित हुनुभएको छ । सबै पालिकामा पदाधीकारी, सदस्य र प्रदेश अधिवेशन प्रतिनिधि निर्विरोध चयन भएका जिल्ला संयोजक रेशम जुग्जालीले जानकारी दिनुभयो । "४५ वटै वडामा नेतृत्व चयन भइसकेको छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण गाउँपालिकामा थप तयारी गरेर केही दिनमै अधिवेशन हुन्छ ।" सात पदाधिकारीसहित नगरपालिकामा ६५ र गाउँपालिकामा ५५ सदस्यीय कमिटी चयन भएको हो । ३५ प्रतिशत महिला, २० प्रतिशत युवा, १५ प्रतिशत दलित र पाँच प्रतिशत मुस्लिम समुदायको प्रतिनिधित्व भएको संयोजक जुग्जालीले बताउनुभयो । लामो समयपछि आन्तरिक प्रतिस्पर्धालाई आत्मसात गरेको सो पार्टीका सम्मेलन तथा अधिवेशनले नेता, कार्यकर्तामा उत्साह जगाएको छ । वडा, स्थानीय तह, प्रदेश हुँदै राष्ट्रिय सम्मेलनको तयारीमा माओवादी केन्द्र जुटेको छ ।

# गुर्जा जोड्ने सडक मटला भिरमै रोकियो

पोखरापत्र संवाददाता

बागलुङ, १२ मंसिर

म्याग्दीको अत्यन्त दुर्गम ठाउँ धौलागिरि गाउँपालिका-१ गुर्जा जोड्ने सडक धौलागिरि गाउँपालिका- ३ मुनाको मटला भिरमा पुगेर रोकिएको छ ।

सडक डिभिजन कार्यालयमार्फत निर्माण हुन लागेको मुना-ढोरपाटन सडक खण्डअन्तर्गत पर्ने मटला भिरको विशाल पहरो फुटाउने काममा ढिलासुस्ती हुँदा सडक निर्माणको काम रोकिएको हो ।

जिसी कन्स्ट्रक्सनले निर्माणको जिम्मा लिएको मटला भिर सडक खण्डका लागि गत आर्थिक वर्षमा सडक डिभिजन कार्यालयबाट रु दुई करोड, धौलागिरि गाउँपालिकाबाट रु २५ लाख र मालिका गाउँपालिका-२ लुलाङबाट रु १५ लाख विनियोजन भएको थियो । राष्ट्रिय वनको क्षेत्रभित्र पर्ने मटला भिरमा वन कार्यालयको अनुमति बिना सडक निर्माण गर्न लागिएकाले मुद्दा परेपछि त्यसको छिनोफानो नहोउन्जेलसम्म लुलाङको खोरिया गाउँबाट सडकको ट्र्याक खोल्न नसकिएको धवलागिरि गाउँपालिका-२ लुलाङका वडा सदस्य मतिप्रसाद पाइजाले बताउनुभयो ।

मुना-ढोरपाटन सडक खण्ड लुलाङको लमसुडदेखि खोरिया गाउँसम्म पुगेको छ। मटला भिरको पहरो फुटाएर ट्र्याक खोल्ने हो भने चालु आर्थिक वर्षमा नै खोरिया गाउँसम्म मोटर पुग्न सक्ने भएको छ । यो सडकको ट्र्याक खुलेर यातायातका साधनहरु सञ्चालन भएमा म्याग्दी, बागलुङ, रुकुम, रोल्पालगायत जिल्लाका हजारौं सर्वसाधारणलाई सजिलो हुने वडा सदस्य पाइजाले बताउनुभयो । बागलुङको बुर्तिबाङ हुँदै ढोरपाटन जोड्ने सडकभन्दा यो सडक निकै छोटो र सहज भएकाले निर्माण कार्यलाई तीव्रता दिन स्थानीयवासीले माग गरेका छन् । त्यसैगरी, जिल्लाकै अति दुर्गम गाउँ मानिने गुर्जा जोड्ने सडक पनि यही भएकाले धौलागिरि गाउँपालिकाको पहिलो प्राथमिकतामा यो सडक रहेको धौलागिरि गाउँपालिका-३ का वडाध्यक्ष पुर्म पुनले बताउनुभयो । जिल्लाको दुर्गम बस्ती र बागलुङ, म्याग्दी र रुकुमलाई जोड्ने यो सडक निर्माण कार्यलाई तीव्रता दिई समयमा नै ट्र्याक खोल्न सक्ने हो भने युगौंदेखि पिछडिएका दुर्गम गाउँका नागरिकले सुविधा प्राप्त गर्न सक्ने उहाँको भनाइ छ ।

पश्चिमी म्याग्दीको बहुप्रतिक्षित योजनासमेत रहेको बेनी-दरवाङ-मुना-गुर्जा सडक आयोजना सम्पन्न भएर यातायातका साधनहरु सञ्चालन हुन थालेपछि यस क्षेत्रको कायापलट हुने अनुमान गरिएको छ । पशुपालन, जडीबुटी, पर्यटन, खनिज, वनपैदावर र पर्यटनको प्रशस्तै सम्भावनाहरु भएको यो क्षेत्रमा अहिले ट्र्याक कहिले खुल्ला र गाडी कहिले गुड्ला भन्ने कुरामा नै प्रतिक्षारत रहेका मुनाका युवा किशोर भण्डारीले बताउनुभयो ।

# सीमावर्ती बस्तीमा केन्द्रीय लाइनको विद्युत् बिस्तार

पोखरापत्र संवाददाता

म्याग्दी, १२ मंसिर

चीनसँग सिमाना जोडिएका मुस्ताङको लोमान्थाङ गाउँपालिकामा केन्द्रीय प्रसारण लाइनको विद्युत् बिस्तार गरिएको छ । नेपाल विद्युत् प्राधिकरण र गण्डकी प्रदेश सरकारले लोमान्थाङको १ र २ नम्बर वडामा पर्ने नेचुङ, छोसेर, न्याम्चु र आर्गामा विद्युत विस्तार गरेका हुन् । नेचुङ र छोसेर चीनको सिमाना कोरला नाकामा नेपालतर्फका अन्तिम बस्ती हुन् ।

प्राधिकरणको तातोपानी वितरण केन्द्रका प्रमुख शिवप्रसाद नेपालले दुई वटा वडाका १५० घरधुरीमा बिजुली बत्ती बालिएको जानकारी दिनुभयो । "लोमान्थाङको ३ र ४ नम्बर वडामा पनि वायरिङको काम चलिरहेको छ", उहाँले भन्नुभयो, "लोघेकर-दामोदरकुण्ड गाउँपालिकाको पाँच वटावटा वडामध्ये एक वडा बाहेक अन्य सबैमा विद्युतीकरण भइसकेको छ ।" भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्ने सीमावर्ती गाउँमा विद्युत् सुविधा भएपछि स्थानीयवासीमा खुसियाली छाएको छ । यसबाट घरायसी, कार्यालय तथा प्रशासनिक काम गर्न, इन्टरनेट चलाउन र सञ्चारका उपकरण प्रयोग गर्न सहज भएको छ । यसअघि उज्यालोका लागि स्थानीयवासीले सौर्य उर्जा र टुकी बाल्ने गरेका थिए ।

चालु आर्थिक वर्षभित्र नै उपल्लो मुस्ताङका दुई वटा गाउँपालिकाको सबै बस्तीमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा बिस्तार गर्ने तयारीसहित काम भइरहेको केन्द्र प्रमुख नेपालले बताउनुभयो । एघार केभी क्षमताको लाइनबाट चीनको सीमावर्ती बस्तीसम्म विद्युतीकरण गरिएको निर्माण व्यवसायी दिनेश ढुङ्गानाले जानकारी दिनुभयो । नेपाल विद्युत् प्राधिकरणसँग बेनीको न्यू त्यहाँ विद्युतीकरणका लागि ठेक्का सम्झौता गरेको थियो ।

तार, खम्बा र उपकरण प्राधिकरणले खरिद गरेर ढुवानी गर्ने र जडानको काम गर्न ठेकेदार कम्पनीले गर्ने भएको छ । मुस्ताङमा निलगिरि उपभोक्ता सहकारी संस्थामार्फत विद्युत् वितरण र महसुल सङ्कलन गरिँदै आएको छ ।

लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा राष्ट्रिय प्रसारणको विद्युत् लाइन बिस्तारका लागि गण्डकी प्रदेश सरकारले आव २०७५/०७६ मा करिब रु आठ करोड विनियोजन गरेको थियो ।

उपल्लो मुस्ताङबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य इन्द्रधारा विष्टका अनुसार सो बजेटबाट लोमान्थाङमा मुख्य लाइनको ३९६ र शाखा लाइनका १८० खम्बा पुऱ्याइएको थियो । लोघेकर दामोदरकुण्डमा मुख्य लाइनको १९६ र शाखा लाइनका ७० थान खम्बा प्रदेश सरकारले दिएको थियो ।

म्याग्दीको दानासम्म ल्याइएको खम्बा, तार र ट्रान्सफरमर सम्बन्धित पालिकाले ढुवानी गरेर निर्माणस्थलमा पुऱ्याएका थिए । लोघेकर दामोदरकुण्डको घिलिङ, घमी, ढाक्मर, चराङ र मराङमा यसअघि नै विद्युतीकरण भएको थियो ।

# ए डिभिजन लिग फुटबल : सुमनको गोलमा पुलिस विजयी

रासस

काठमाडौं, १२ मंसिर

विभागीय टोली नेपाल पुलिस क्लबले सहिद स्मारक ए डिभिजन लिग फुटबलमा पहिलो जित दर्ज गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतबार भएको खेलमा पुलिसले जावलाखेल युथ क्लबलाई १–० गोल अन्तरले पराजित गरेको हो ।

पुलिसका लागि सुमन लामाले निर्णायक गोल गर्नुभयो । उहाँले खेलको ७०औं मिनेटमा रवि पासवानको पासमा उत्कृष्ट गोल गर्नुभयो । लिगमा सोमबार दुई खेल हुनेछन् । पहिलो खेलमा दिउँसो १ बजे न्युरोड टिम (एनआरटी) र ब्रिगेड ब्वाइज क्लब (बीबीसी) तथा दोस्रो खेलमा दिउँसो पौने पाँच बजे मच्छिन्द्र फुटबल क्लब र विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबले प्रतिस्पर्धा गर्ने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ ।

